मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २६ गते बिहीबार ❑ 11 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पोखरामा आन्दोलनकारीले जलाएको घरमा महिलाको शव

### सरकारी कार्यालयका संवेदनशिल डकुमेन्ट सहितको भौतिक संरचना खरानी, केही निजी व्यवसायमा पनि आगजनी र तोडफोड

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भाद्र





जेनजी आन्दोलनको क्रममा मंगलबार आगलागी भएको अटो व्यवसायी ध्रुव थापाको घरमा एक महिलाको शव भेटिएको छ । उहाँको घरमा काम गर्दै आउनु भएको सिन्धुपालचोक निवासी करिब ४५ वर्षीया सन्जु नगरकोटीलाई बुधबार मृतावस्थामा भेटिएको थापाले जनाउनु भयो ।

सीजी सहितको सोरुमसमेत रहेको पाँचतले भवनमा भएको आगलागीमा कर्मचारी गुमाउनु परेकोमा उहाँले गहिरो दुःख व्यक्त गर्दै "आगजनी हुँदा मानवीय क्षतिसमेत हुनुपर्‍यो, यो निकै पीडादायी छ," थापाले भन्नुभयो सोरुमका गाडीहरूदेखि भवनसमेतमा ठूलो क्षति पुगेको छ ।" उक्त भवन हालै निर्माण गरिएको उहाँले जनाउनु भयो ।

यसैबीच, उनका दाजु गण्डकी प्रदेशका मन्त्री एवं व्यवसायी बिन्दुकुमार थापाको निजी निवास, पोखरा लेकसाइडस्थित अंशुभरा ग्रुपको भवन, हालै सञ्चालनमा आएको बगैचा रिसोर्ट र बाराहीचोकस्थित मन्त्र थकाली किचनमा समेत आगजनी हुँदा अर्बौंको क्षति पुगेको पारिवारिक स्रोतले उल्लेख गरेको छ । मंगलबार आन्दोलनकारीले गण्डकी प्रदेशका सांसद गणेशमान गुरुङको गुडविल होटलमा समेत आगजनी गर्दा करोडौंको क्षति भएको छ । होटल सरोवमा आगजनी हुँदा ठुलो क्षति पुगेको छ भने एभरेष्ट भलिवल लिगमा सहभागी हुने पोखरा र काठमाण्डौंका खेलाडीहरु रहेको बताइन्छ । विदेशी खेलाडीहरु समेत रहेको उक्त होटलमा बेलुका करिब ५ बजे पछि आगजनी हुदा पासपोर्ट समेत निकाल्न नभ्याएका कारण जलेको होटलका एक कर्मचारीले बताउनुभयो ।

त्यस्तै बगैचा रिसोर्टमा पनि खेलाडीहरु बस्नु भएको थियो आन्दोलनकारीले तोडफोड गर्न थाले पछि मंगलबार बेलुका हतार हतारमा निकालिएको बताइन्छ । वर पिपल रिसोर्टमा पार्किङमा रहेका पाँच वटा गाडीमा आगजनी तथा इभी सहित एक पाहुनाको गाडीमा तोडफोड भएको बताइएको छ । त्यहाँ पनि भलिवलका खेलाडीहरु रहनु भएको थियो । आन्दोलनको क्रममा पार्किङमा गाडी जल्न थाले पछि आफुहरु रुम छाडेर बच्न सफल भएको एक विदेशी पर्यटकले बताउनु भयो । प्रदेश सांसद देवका पहारीको होटल र निवासमा तोडफोड र आगजनी भएको छ भने एमाले युवा नेता राजिव पहारीको घरमा समेत आगजनी भएको छ ।

आन्दोलनकारीले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, मालपोत कार्यालय, जिल्ला अदालत कास्की, उच्च अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, यातायातव्यवस्थाकार्यालय,कास्की कारागार, गण्डकी प्रदेश सरकारका कार्यालयहरू, प्रदेशसभा भवन, मुख्यमन्त्री तथा मन्त्रीहरूको निवास, पोखरा महानगरपालिका र विभिन्न वडाकार्यालयमा तोडफोड र आगजनी गरेका छन्। प्रहरी चौकी र बिटहरू समेत आक्रमणमा परे ।

बुधबार बिहान भने केही जेनजी युवाले सडकमा रहेका अवरोध हटाउँदै सरसफाइ गर्नु भएको छ ्। आन्दोलनकारीले सरकारी कार्यालयका टेबल, कुर्सी, फाइल तथा सवारी साधनहरू सडकमा ल्याएर जलाएको हुँदा सडक अवरुद्ध भएको थियो ।

यसैगरी, पोखराको भाटभटेनी सुपरमार्केट र केटीएम सिटी लेकसाइड शाखामा तोडफोड र चोरी भएको छ । भाटभटेनीमा आगजनी हुँदा सामान नष्ट भएको छ । जिल्ला प्रशासन कार्यालय कास्कीमा विपद् व्यवस्थापनका लागि राखिएका त्रिपाल सहितका सामग्री चोरी भएको छ ।जिल्ला अदालत नजिकै रहेको कुमारी बैंकको एटिएमसहित रकम चोरी भएको प्रहरीले जनाएको छ । मंगलबार रातभर विभिन्न स्थानमा सटर तोडफोड र होहल्ला भएकाले पोखरामा त्रासपूर्ण वातावरण बनेको स्थानीयले बताउनु भएको छ । हाल पोखरामा कर्फ्यू जारी छ । शान्ति सुरक्षाका लागि नेपाली सेनाले सुरक्षा व्यवस्था कडा पारेको पारिएको छ । महेन्द्रपुल क्षेत्रमा सेना परिचालन गरिएको छ र अत्यावश्यकबाहेक मानिसलाई सडकमा हिँडडुल गर्न रोक लगाइएको छ ।



फोहर सरसफाइ गर्दै युवाः पोखराको मुख्य बजार क्षेत्र महेन्द्रपुलमा मङ्गलबार प्रदर्शनकारीले तोडफोड गरेको सडक तथा सडक परिसरमा रहेका फोहर सरसफाइ गर्दै युवा । तस्बिरः कृष्ण दवाडी

## देशभरिका अस्पतालमा ३० जनाको मृत्यु र एक हजार बढी घाइते

**रासस**
काठमाडौं, २५ भाद्र

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जेनजी अहिलेसम्म अस्पतालमा हिंसात्मक प्रदर्शनमा परी ३० जनाको मृत्यु र एक हजारभन्दा बढी घाइतेहरूको उपचार भएको जनाएको छ ।

मन्त्रालयका सचिव डा विकास देवकोटाका अनुसार देशभरिका २९ अस्पतालमा ३० जनाको मृत्यु र एक हजार ६१ जनाको उपचार भएको छ । उहाँले मन्त्रालयले विभिन्न अस्पतालमा सम्पर्क गरी प्राप्त भएको विवरण सार्वजनिक गरेको बताउनुभयो । यो सङ्ख्या जेनजी पुस्तामा भएको हिंसात्मक प्रदर्शनमा भएको घटनाको हो ।

निजामती कर्मचारी अस्पतालमा छ जना, राष्ट्रिय ट्रमा सेन्टरमा आठ जना, एभरेष्ट अस्पतालमा तीन जना, काठमाडौं मेडिकल कलेज सिनामङ्गलमा दुई जना, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा एक जना, फ्रन्टलाइन अस्पतालमा तीन जना, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा दुई जना र भेरी अस्पतलालमा पाँच गरी ३० जनाको निधन भएको छ ।

यस्तै अहिले २७४ जना घाइतेको भर्ना भई उपचार भइरहेको छ । यस्तै ५६ जना ५६ जनालाई एक अस्पतालबाट अर्को अस्पतालमा रिफर र ७१९ जना उपचारपश्चात् घर फर्किसकेका छन् । सचिव डा देवकोटाका अनुसार अहिले पनि निजामती कर्मचारी अस्पतालमा ४८ जना, ट्रमासेन्टरमा ५८ जना र वीर अस्पतालमा २० जना, त्रिवि शिक्षण अस्पतालमा २५ र काठमाडौं मेडिकल कलेज २४, वीरेन्द्र सैनिक अस्पतालमा २६ जनाको उपचार भइरहेको छ । सबभन्दा धेरै उपचार ४३६ जना निजामती कर्मचारी अस्पताल, ट्रमा सेन्टरमा १६१ जना र एभरेष्ट अस्पतालमा १०९ जनाको घाइतेको उपचार भएको थियो ।

## अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २५ भाद्र

कास्की जिल्ला प्रशासन कार्यालयले अत्याश्यक कामबाहेक बाहिर ननिस्कन सर्वसाधारणसँग आग्रह गरेको छ ।

प्रशासनले मंगलबार सूचना जारी गर्दै जेनजी प्रदर्शनका क्रममा यही भदौ २३ र २४ गते जिल्लाका विभिन्न स्थानमा भएको विरोध प्रदर्शनका क्रममा अवाञ्छित तत्वसमेत प्रवेश गरी सरकारी, अर्धसरकारी तथा निजी सम्पत्ति, व्यापारिक प्रतिष्ठान, होटल आदि तोडफोड, आगजनी तथा लुटपाट भएको जनाएको छ ।

त्यस्ता गतिविधिलाई नियन्त्रण गर्न गत राति १०:०० बजेदेखि नेपाली सेनासहित जिल्लास्थित सुरक्षा निकाय परिचालन भइसकेको र जिल्लामा शान्ति सुरक्षा सामान्य बन्दै गएको सूचनामा उल्लेख गरिएको छ ।

यस विषम परिस्थितिमा आमसर्वसाधारणलाई संयमित रहन आग्रह गर्दै अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह गरिएको छ । कुनै अवाञ्छित तथा अराजक गतिविधि भएमा नेपाली सेनाको ०६१-५८११६०, ९७६३२४६०२२, नेपाल प्रहरीको ९८५६०३९५९९, सशस्त्र प्रहरी बलको ०६१-५४४०८८, ९८५१२७२२०८० र ११११४ (टोल फ्रि) मा सम्पर्क गरी खबर गर्न सबैमा प्रशासनले आग्रह गरेको छ ।


चराचुरुङ्गीको संरक्षण गरौं
चराचुरुङ्गीले:
◆पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
◆चराहरुले किरा–फट्यङग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
◆ खेतीपातीमा विषादीको प्रयोग घट्छ,
◆फलफूल खाएर वीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
◆एउटा फूलवाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन वढाउँछ,
◆मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
◆चिरविर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
◆जैविक विविधता वुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
◆प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।
नेपाल सरकार
विज्ञापन बोर्ड


## २५ जना कैदीबन्दी प्रहरीको नियन्त्रणमा

**रासस**
म्याग्दी, २५ भाद्र

म्याग्दीमा कारागारबाट भागेका २५ जना कैदीबन्दीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बेनी नगरपालिका-२ खबरामा रहेको म्याग्दी जिल्ला कारागारबाट भागेका २३ जना र कास्की कारागारबाट भागेर आएका दुई जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रशासन कार्यालय, म्याग्दीले जनाएको छ ।

म्याग्दी कारागारबाट ७२ जना कैदीबन्दीहरू बुधबार बिहान भागेका थिए । कैदीबन्दी भागेपछि बिहान साढे १० बजेदेखि बेनी बजार र आसपासको क्षेत्रमा प्रशासनले निषेधाज्ञा जारी गरेको छ । भागेका कैदीबन्दीको खोजीमा सुरक्षाकर्मी परिचालन भएका छन् । अठासी जना कैदीबन्दी रहेको कारागारमा बिरामी र हिड्न नसक्ने १२ जना भाग्न सकेनन् । चार जनालाई प्रहरीले भाग्ने क्रममा नियन्त्रणमा लिएको थियो । बिहान सात बजेतिर हुलदङ्गा गर्दै मोटरसाइकल र स्कुटर चढेर कारागारमा पुगेका समूहले कैदीबन्दीहरूलाई सवारी साधनमा राखेर भगाएका थिए ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जिल्लाका ७१ ठाउँमा पहिरोको उपचार

**पोखरापत्र संवाददाता**
दमौली, २५ भाद्र

भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँले जिल्लाका ७१ ठाउँमा पहिरो नियन्त्रणका लागि उपचार गरेको छ । पहिरोको जोखिम रहेका ठाउँहरुमा कार्यालयले नियन्त्रणको उपाय अपनाएको हो ।

कार्यालयका प्रमुख दिवाकर पौडेलले पहिरोको जोखिममा रहेका ठाउँहरुको अध्ययन पश्चात् पहिरो नियन्त्रणको काम गरिएको बताउनुभयो । पौडेलका अनुसार ६५ स्थानमा खोला किनार संरक्षण गरिएको छ भने ११ स्थानमा सिचाइँ कुलो संरक्षण गरिएको छ । त्यस्तै १५ वटा पोखरी, तातोपानी कुण्ड र ताल संरक्षणको काम गरिएको पौडेलले बताउनुभयो । सात स्थानमा पानी मुहान संरक्षण गरिएको छ ।

कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ५० हजार पाँच सय बिरुवा उत्पादन गरी कृषकलाई वितरण गरेको छ। पौडेलका अनुसार चार हजार गोटा बाँसको कल्म कटिङ बिरुवा उत्पादन, वितरण र रोपण गरिएको छ । पौडेलका अनुसार आँबुखैरेनी २, ३ मा खहरे खोला



संरक्षण, भानु ९ मा रानीपानी खोला नियन्त्रण, शुक्लागण्डकी ११ मा सल्लाघारी पोखरी निर्माण, व्यास ४ मा बागबजार पहिरो संरक्षण तथा बायो इन्जिनियरिङ, ऋषिङ ६ मा ज्वालाखोला किनार व्यवस्थापन, बन्दीपुर ३ मा मालेबगर खेत संरक्षण, भानु ९ मा खहरेखोला तटबन्धन तथा बस्ती संरक्षण, शुक्लागण्डकी ११ मा बरखोला बिरौटा तटबन्धन, व्यास ६ मा अलैचेखोला ठकुरी बस्ती संरक्षण, शुक्लागण्डकी १२ मा अर्साङ्दी सिचाइँ कुलो संरक्षण, ऋषिङ ४ मा साठीमुरे खेत संरक्षणको काम गरिएको छ।

यस्तै भानु ९ मा तेलकाती खोला तटबन्ध तथा बस्ती संरक्षण, भानु ९ मा धौराली गाउँ पहिरो नियन्त्रण तथा बस्ती संरक्षण, भानु ११ मा कुन्छाफाँट जितपत्र खेत संरक्षण, भानु ३ मा खित्री खोल्सी गल्छी नियन्त्रण, शुक्लागण्डकी ६ मा कुम्लेखोला बगरस्थित खोला नियन्त्रण, देवघाट ५ स्थित गलेश्वर आश्रम संरक्षण, भानु ७ स्थित महखोला नौबिसे कुलो मर्मत, शुक्लागण्डकी ११ स्थित सल्लाघारी पोखरी निर्माण, भिमाद ९ स्थित पाङ्मा पहिरो नियन्त्रण, भिमाद ३ स्थित भलाई गैह्रा जनहित मार्ग संरक्षण, घिरिङ ३ स्थित खिलाबस्ती संरक्षण, देवघाट ५ स्थित देवघाट कल्पवाल त्रिशुली पहिरो नियन्त्रण र भानु ९ स्थित काली बगैँचा खेलकुद मैदान संरक्षणको काम गरिएको पौडेलले उल्लेख गर्नुभयो । पौडेलका अनुसार यी कार्यक्रमबाट दुई हजार नौ सय ६१ जना लाभान्वित भएका छन् ।

कार्यालयले गत आर्थिक वर्षमा सञ्चालन गरेका योजनाहरुबाट चार हजार चार सय २१ जनाले रोजगारी पाएका छन् । पौडेलका अनुसार गल्छी तथा पहिरो उपचारमा एक हजार सात सय ४६, खोला किनार संरक्षणमा एक हजार पाँच सय ३३, सिचाइँकुलो संरक्षणमा तीन सय ३७, पोखरी निर्माणमा सात सय ५० र आकस्मिक जल उत्पन्न प्रकोपमा ५५ जनाले रोजगारी पाएका छन् ।

कार्यालयले भू उपयोग विकास योजना तर्जुमा, पानी र सेडिमेण्ट व्यवस्थापन, प्राकृतिक प्रकोप रोकथाम, पानीजन्य विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, एकीकृत पानी स्रोत संरक्षण, भूमि उत्पादकत्व संरक्षण, पहिरोहरुको व्यवस्थापनसम्बन्धी योजना तयारी र कार्यान्वयन, विकासका पूर्वाधार संरक्षण लगायतका काम गर्दै आइरहेको छ ।



पोखारा अन्तराष्ट्रिय विमानस्थलः
पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र परिसरमा ढकमक्क फुलेको काँस । तस्बिरः राधिका कँडेल/रासस

# संयम, संवाद र एकताका साथ समाधान पहिल्याऔँ: कांग्रेस महामन्त्रीद्वय

**रासस**
काठमाडौं, २५ भाद्र

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले वर्तमान विषम परिस्थितिमा वार्ता र संवादमार्फत निकास दिन राष्ट्रपतिले लिनुभएको पहलकदमीको स्वागत गर्नुभएको छ ।

उहाँहरुले बुधबार संयुक्त वक्तव्यमार्फत सबै पक्षसँग आवश्यक परामर्श गरी संवादबाट समाधान खोज्न आग्रह गर्नुभएको हो । नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूले शान्तिसुरक्षा कायम गर्न आआफ्नो स्थानबाट गरिरहेको प्रयास र संवादलाई आमनागरिक, नागरिक समाज, सञ्चारजगत्, अन्तरराष्ट्रिय समुदाय सबै तहबाट साथ-सहयोगका लागि उहाँहरुले अपिल गर्नुभएको छ ।

जेनजी युवाले सुरु गरेको आन्दोलनका क्रममा जीवन गुमाएका होनहार युवाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै महामन्त्रीद्वय थापा र शर्माले परिवारजनमा गहिरो समवेदना अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।

यही भदौ २३ र २४ गते दुई दिनमा भएका घटनाक्रमपछि देशलाई शान्ति र पुनर्निर्माणको दिशामा अघि बढाउन सबैपक्षले संयम र एकतासाथ प्रस्तुत हुन जरुरी रहेको उल्लेख गर्नुभएको छ । उहाँहरुले मुलुकको समुन्नति र सुन्दर भविष्यका लागि लोकतान्त्रिक प्रणालीको बाटोलाई नवीन ढङ्गले सुनिश्चित गर्ने गुरुत्तर दायित्वप्रति सबै गम्भीर बन्न आवश्यक रहेकामा जोड दिनुभएको छ ।

"हामी यो पहललाई जेनजी पुस्ताको भावनाबमोजिम नै निष्कर्षमा पुर्‍याउन आग्रह गर्दछौँ । त्यसो गर्दैगर्दा 'आवश्यकताको सिद्धान्त'बमोजिम हुने निर्णयलाई पनि संविधानबमोजिम वैधानिक बाटोबाट नै अगाडिको यात्रा तय गर्न सकिन्छ र गर्नुपर्छ भन्ने कुराको स्मरण गराउन चाहान्छौँ", जारी विज्ञप्तिमा उल्लेख छ ।

विधिविहीनताले थप अराजकता निम्त्याउने उल्लेख गर्दै उहाँहरुले वार्ताका क्रममा राष्ट्रपति र जेनजी पक्षलाई आग्रह गर्नुभएको छ । महामन्त्रीद्वयले भन्नुभएको छ, "अब देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शुन्यता आउन नदिन हरसम्भव वैधानिक उपाय अपनाइयोस्, संविधान र लोकतान्त्रिक बाटोबाट नै समाधान खोज्दै यो बेथितिको अन्त्यको मार्गचित्र तय गरियोस् । त्यसमा हाम्रो समर्थन रहनेछ ।" उहाँहरुले सोमबारको प्रदर्शनका दिन अत्यधिक बल प्रयोगबाट भएको गम्भीर अपराधको उच्चस्तरीय आयोग मार्फत गहिरो छानबिन गरेर दोषीलाई कानुनी काबाहीको दायरामा ल्याउन ध्यानाकर्षण गराउनुभएको छ । "सामाजिक सञ्जाल खोल्न र पदत्याग गर्न हामीले गरेका आग्रह र दबाब स्वीकार्न प्रधानमन्त्रीले ढिलाइ गर्दा स्थिति थप चर्किएको र अनियन्त्रित भएको तथ्य स्वीकार्न जरुरी छ", महामन्त्रीद्वयले उल्लेख गर्नुभएको छ, "हाम्रो पटकपटकको आग्रहका बाबजुद परिस्थितिलाई नजरअन्दाज गर्नु, राजनीतिक नेतृत्वले स्थितिको सही आँकलन आफू गर्न सक्नुपर्छ या अरुले दिएको सही सुझावलाई समयमै ग्रहण गर्न सक्नुपर्छ, यो यथार्थ आत्मसात् गर्न प्रधानमन्त्रीले ढिलाइ गर्दा जो मानवीय क्षति भयो त्यसबाट सिङ्गो मुलुक र संसारभरका सबै नेपाली स्तब्ध र अत्यन्तै दुखित छौँ ।"

कैयौँ सरकारी कार्यालय, मिडिया हाउस, व्यावसायिक प्रतिष्ठान आदिमा गरिएको आगजनी अत्यन्तै दुःखद् र निन्दनीय रहेको उल्लेख गर्दै उहाँहरुले जेनजी आन्दोलनकारीको भावना र घोषणाभन्दा बाहिर आन्दोलनको हुलमलमा नियतबस पसेकाहरूले योजनाबद्ध रुपमा यो विध्वंश गरेका बताउनुभएको छ ।

अब फेरिएको यस परिस्थितिमा युवाको आकाङ्क्षा र अपेक्षाअनुसार जिम्मेवार राजनीति गर्ने दलका रुपमा कांग्रेसलाई जरैदेखि सम्पूर्ण रुपमा पुनर्निर्माण गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

उहाँहरुले अहिलेको विषम र अस्थिर परिस्थितिबाट उठ्न र पुनर्निर्माणमा जुट्न संयम, संवाद र एकता अपरिहार्य रहेको उल्लेख गर्दै अत्यन्तै कठिन अवस्था र प्रतिकूलताबीच पनि 'सामाजिक एकता र सद्भाव' कायम गर्न सबैमा आह्वान गर्नुभएको छ ।

# आन्दोलनबाट भएको फोहर सफा गर्दै दमौलीका युवा

**पोखरापत्र संवाददाता**
दमौली, २५ भाद्र

दमौलीका युवा फोहरमैला सरसफाइमा जुटेका छन् । मङ्गलबार जेनजीको प्रदर्शनका क्रममा जलाएर फोहर भएका सरकारी कार्यालयसहित क्षेत्रमा युवा सरसफाइका लागि खटिएका हुन् ।

सामाजिक अभियान्ता सुदीप गफ्फारले भ्रष्टाचार विरुद्धको प्रदर्शन युवाको नेतृत्वमा भएको भन्दै नगरलाई सफा राख्ने दायित्व पनि युवाको भएको बताउनुभयो । सरसफाइमा दमौलीका युवाका साथै टोलवासीको पनि सहभागिता छ । प्रदर्शनका क्रममा जिल्ला प्रशासन कार्यालय, तनहुँ अदालत, जिल्ला समन्वय समिति, मालपोत कार्यालय, खानेपानी कार्यालय, डिभिजन वन कार्यालय, आन्तरिक राजस्व कार्यालय, व्यास नगरपालिकामा आगजनी र तोडफोड गरिएको थियो ।

यसैगरी तनहुँ जिल्ला अदालतले मुद्दाको सुनुवाइ अनिश्चितकालका लागि स्थगित गरेको छ । मङ्गलबार भएको प्रदर्शनका क्रममा अदालतमा रहेका मिसिल, कार्यकक्ष, कम्प्युटरलगायत सबै संरचना जलेर पूर्ण रूपमा नष्ट भएकाले सबै मुद्दाको सुनुवाइ अनिश्चितकालका लागि स्थगित गरिएको जिल्ला अदालतले जनाएको छ । अदालतले आज एक सूचना जारी गरी कार्यालय सञ्चालन गर्न असहज परिस्थिति सिर्जना हुन आएकाले आजका लागि तोकिएका मुद्धाका पेशी स्थगित गरिएको, तारेख तोकिएका मुद्दाका तारेख नगुज्रिने, भोलिदेखिको पेशीमा चढेका तथा अन्य मुद्दाहरुको हकमा सुनुवाइ अर्को सूचना नभएसम्म स्थगित गरिएको जनाएको छ ।

# नेपालमा भएको हिंसा हृदयविदारक, शान्ति कायम गर्नुहोस्: भारतीय प्रधानमन्त्री

**रासस**
काठमाडौं, २५ भाद्र

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा शान्ति कायम गर्न नेपालीसँग आग्रह गर्दै नेपालमा भएका हिंसाका घटना हृदयविदारक भएका बताउनुभएको छ ।

उहाँले सामाजिक सञ्जाल एक्समार्फत "नेपालमा भएको हिंसा हृदयविदारक छ । धेरै युवाले आफ्नो ज्यान गुमाउनुपरेकोमा मेरो मन अत्यन्तै विचलित छ ।

म नेपालका सबै मेरा दाजुभाइ तथा दिदीबहिनीहरुलाई शान्ति-व्यवस्था कायम राख्न विनम्रतापूर्वक अनुरोध गर्दछु", उहाँले उल्लेख गर्नुभएको छ ।




# उत्पन्न परिस्थितिबारे एमालेद्वारा विज्ञप्तिमार्फत प्रतिक्रिया

**रासस**
काठमाडौं, २५ भाद्र

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले मुलुकमा पछिल्ला दिनमा भएका असामान्य घटनाक्रमप्रति गहिरो चिन्ता व्यक्त गरेको छ ।

प्रदर्शनका क्रममा प्रहरीले गोली चलाउँदा भएको मृत्यु र सयौँ घाइते भएको घटनाप्रति सो पार्टीले गहिरो दुःख व्यक्त गरेको छ ।

एमालेका महासचिव शङ्कर पोखरेल र उपमहासचिव प्रदीप ज्ञवालीले संयुक्त रूपमा जारी गरेको वक्तव्यमा मृतकहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ । सार्वजनिक तथा निजी सम्पत्तिमा खर्बौंको क्षति पुगेको र जेलबाट हजारौँ कैदीबन्दी बाहिरिएकोप्रति गम्भीर चिन्ता व्यक्त गरिएको छ । वक्तव्यमा सुरक्षा निकायको भूमिकाको पनि समीक्षा हुनुपर्ने भनिएको छ ।

यस्तो प्रतिकूल अवस्थामा पार्टी पङ्क्तिलाई अविचलित र एकताबद्ध रहन आग्रह गर्दै वक्तव्यमा भनिएको छ, "अहिले सम्हालिनु, एकताबद्ध हुनु र दृढ विश्वासका साथ अघि बढ्नु जरुरी छ ।" उत्पन्न राजनीतिक अवस्थाको निकास संविधानसम्मत र लोकतान्त्रिक प्रक्रियाबाट खोजिनुपर्ने भन्दै एमालेले राष्ट्रपतिलाई सार्थक संवाद सुरु गर्न र युवापुस्ताका मागलाई सम्बोधनका लागि पहल गर्न आग्रह गरेको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

कुनै पनि बस्तुका लागि सत्यको बलिदान गर्न सकिदैन् ।

- हरिजन सेवक

## सम्पादकीय

# व्यावसायिक प्रतिष्ठानमा आगजनी निन्दनीय

जेनजी आन्दोलनको दोस्रो दिन मंगलबार प्रदर्शनकारीहरूले ठूला उद्यमी तथा बहुराष्ट्रिय कम्पनीका घर, कार्यालय र उद्योगमा छानीछानी आक्रमण गरेका छन् । उद्यमीहरूका सुपरमार्केट, उद्योग, होटेल, सञ्चारमाध्यम, वायुसेवा कम्पनीमात्र होइन, घर र निवासमा समेत आक्रमण हुँदा अर्बौंको क्षति पुगेको छ । आक्रमणको तारो बनेको भाटभटेनी सुपरमार्केटका कम्तीमा १४ वटा स्टोरहरूमा आक्रमण भएको छ । काठमाडौं उपत्यका अधिकांश स्टोरमा प्रदर्शनकारीले लुटपाट र आगजनी गरी पूर्ण रूपमा ध्वस्त बनाएका छन् । काठमाडौं उपत्यकास्थित भाटभेटनीको सबैभन्दा पुरानो नक्सालस्थित स्टोर, महाराजगञ्ज, बौद्ध-चुच्चेपाटी, कोटेश्वर, राधेराधे, कलंकीलगायत स्थानका स्टोरहरू प्रदर्शनकारीले ध्वस्त बनाइदिएका छन् ।

भाटभटेनीका स्टोरहरूमा नियोजित रूपमा आगजनी भएको सुरक्षा निकायको भनाइ छ । सरकारले विदेशी लगानी भित्र्याउन कानुन संशोधन देखि सुरक्षाको प्रत्याभूति दिनुपर्ने बेला आक्रमण हुनु दुर्भाग्य हो । त्यस्तै, काठमाडौं उपत्यका बाहिर विराटनगर, धरान, दमक र विर्तामोड, पोखरा, हेटौंडा र भरतपुरका स्टोरलाई पनि प्रदर्शनकारीले आक्रमण गरी ध्वस्त बनाइदिएका हुन् । जेनजी पुस्ताको आन्दोलनका क्रममा पोखरामा गण्डकीका बढि सामाविकास मन्त्री विन्दुकुमार थापा र परिवारको नाममा रहेको व्यापारिक भवनसहित ३ रिसोर्ट, इभेन्ट सेन्टर र भाटभटेनीमा आगजनी भएको छ । पोखरामा रहेका सबैजसो प्रमुख सरकारी कार्यालयसहित मंगलबार आन्दोलनकर्मीले व्यक्तिका घर, भवन र व्यापारिक संस्थामासमेत आगो लगाएका हुन् । मन्त्री थापाको पोखरा नयाँबजारमा रहेको घर, उनका भाई अटोमोबाइल एसोसिएसन नेपालका पूर्वअध्यक्ष ध्रुव थापाको गाडी स्वरूमसहितको भवन जलाएर ध्वस्त बनाइदिएका छन् ।

पोखरा महानगरपालिकाको कार्यालय जलाएपछि आन्दोलनकारीले मेयर धनराज आचार्यको घरमा तोडफोड गर्दै आगो लगाएका थिए भने मेयर आचार्यका भाइ शिव आचार्य सञ्चालक रहेको पोखरा इभेन्ट सेन्टर पनि तोडफोडसँगै आगो लगाइदिएका हुन् । आन्दोलनकारीहरूले मन्त्री थापाको घरसँगै पोखरा लेकसाइडमा रहेको अंशुभरा ग्रुपको व्यापारिक भवन, करिब डेढ महिना अगाडिमात्रै परराष्ट्रमन्त्री आरजु देउवा राणाले उद्धाटन गरेको बगैंचा रिसोर्ट तोडफोड गर्दै आन्दोलनकारीले आगजनी गरेका छन । आन्दोलनकारीले प्रा.डा. भरत पहारीको होटर सरोबरमा पनि तोडफोड गर्दै आगजनी गरेका छन् भने माओवादी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’को लगानी रहेको भन्दै बरपिपल रिसोर्टमा पनि तोडफोड गर्दै सवारी साधन र एउटा भवनमा आगो लगाइदिएका छन् ।

जेनजीको नाममा भएको आन्दोलनका सहभागीले पोखरामा रातिसम्मै उग्र प्रदर्शन गरिरहेका थिए । आन्दोलनकारीले सबै सरकारी कार्यालय जलाइसकेपछि पोखरा न्युरोडमा रहेको भाटभटेनी सुपरमार्केट तोडफोड, लुटपाट गर्दै आगजनी गरेका थिए । भाटभटेनीमा लागेको आगो अझै निभेको छैन । भाटभटेनी सुपरमार्केटमा पूरै भवनमा आगो सल्किएको छ । अहिले पोखरा महानगरपालिकाको दमकलले आगो निभाउने प्रयास गरिरहेको छ। तर नियन्त्रणमा आउन सकेको छैन । भाटभटेनीभित्र अहिले पनि दनदनी आगो सल्किरहेको छ । प्रदर्शनकारीले गण्डकीका भौतिक पूर्वाधारमन्त्री प्रकाशबहादुर केसीको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अगाडि रहेको घर, एमालेका केन्द्रीय सदस्य तथा युवा इन्चार्ज राजीव पहारीको व्यक्तिगत घरसमेत जलाएका हुन् ।

प्रदर्शनकारीले पोखरा सिर्जनाचोकमा जिल्ला समन्वय समितिको स्वमित्वमा रहेको जग्गामा सञ्चालित सस्तो तरकारी तथा फलफूल मण्डीमा पनि आगजनी गरेका छन् । मण्डीमा सटर भाडामा लिएर साना व्यवसायीले चलाएको सस्तो तरकारी तथा फलफूल पसलहरू पनि जलेर पूर्णरूपमा नष्ट भएको हो । आन्दोलनको नाममा व्यावसायिक प्रतिष्ठान, निजी घर र सार्वजनिक सम्पत्तिमा गरिएको आगजनी र तोडफोड आन्दोलनको नाममा गरिएको लुटपाट हो।यस्ता गतिविधिले पर्यटकीय राजधानीमा पर्यटक आउन नसक्ने सन्देश जान्छ। समयमै सुरक्षाकर्मीको उपस्थिति नहुनु सुरक्षा निकायको कमजोरी हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नसर्ने रोगसँग लड्ने नेपाली उपाय : योगको वैज्ञानिक पुनर्जागरण

डा. पार्थ गुरागाईं

विश्व योग दिवस आउँदैछ। तर नेपालजस्तो देशका लागि योग कुनै नयाँ अभ्यास होइन, यो त हाम्रो मौलिक जीवनशैली, आत्म-अनुशासन र प्रकृति-सँगको सम्बन्धको एक अभिन्न अङ्ग हो। योग केवल शरीरको अभ्यास नभएर, मन, श्वास र आत्माको समन्वय हो, जुन अभ्यास परापूर्वकालदेखि नेपालमा साधकहरूले गर्दै आएका छन् ।

नेपालका हिमाली गुफा, तपोभूमि र मन्दिरहरू आज पनि योग र ध्यानको मौन साक्षी छन्। ऋषिमुनिहरू, बौद्ध ध्यान साधकहरू र योगीहरूका अभ्यासहरू हाम्रो संस्कृतिको गहिरो जरा हुन्। योग नेपालको आध्यात्मिक सम्पदा हो, जसको वैज्ञानिक मूल्य आज फेरि स्थापित हुँदैछ ।



**किन आवश्यक छ आजको पुस्ताका लागि योग ?**

आज नेपालमा नसर्ने रोगहरू तीव्र गतिमा बढिरहेका छन् । सरकारी तथ्यांक अनुसार, वयस्कहरूको २७ प्रतिशत उच्च रक्तचापबाट पीडित छन्, झन्डै ९ प्रतिशत मधुमेह या पूर्व-मधुमेह अवस्थामा छन्, र झन्डै ३० प्रतिशत व्यक्तिहरू मोटोपनको समस्यामा छन् ।

यी सबै रोगहरू जीवनशैलीसँग सम्बन्धित छन् । कामको तनाव, निद्रा अभाव, व्यायामको कमी, असन्तुलित खानपान र बढ्दो डिजिटल निर्भरता यस्ता रोगहरूको कारक हुन् । समाधान पनि जीवनशैलीमै छ, र योग त्यसको वैज्ञानिक, सस्तो र सरल उपाय हो ।

**वैज्ञानिक प्रमाणहरू**

**मधुमेह नियन्त्रणमा योग**

जर्नल अफ डायबिटिज रिसर्चमा प्रकाशित एक सिस्टमेटिक रिभ्यु (Cuietal., 2017)अनुसार, नियमित योग अभ्यासले HbA1c घटाउने, रक्तमा चिनीको मात्रा सुधार गर्ने र इन्सुलिन संवेदनशीलता बढाउने देखिएको छ। वज्रासन, मण्डूकासन, र प्राणायाम जस्ता अभ्यासहरू विशेष रूपमा उपयोगी छन् ।

**रक्तचाप नियन्त्रणमा योग**

हावार्ड हेल्थ पब्लिसिङ (२०२०) का अनुसार, १२ हप्ताको योग अभ्यासले सिस्टोलिक र डाइस्टोलिक रक्तचाप दुवैमा उल्लेखनीय सुधार ल्याउँछ । अनुलोम-विलोम, शवासन, ध्यान आदि अभ्यासले पारासिम्पेथिटिक नर्वस सिस्टम सक्रिय गराउँछ, जसले रक्तचाप घटाउँछ ।

**मानसिक स्वास्थ्यमा योग**

जर्नल अफ साइकेट्रिक रिसर्चमा प्रकाशित Pascoe et al (२०१७) को meta–analysis अनुसार, योगले तनाव घटाउने कोर्टिसोल हर्मोनको मात्रा कम गर्छ, सेरोटोनिन बढाउँछ र निद्रा तथा डिप्रेशनमा सकारात्मक असर पार्छ ।

**मेटाबोलिक र मुटु स्वास्थ्यमा योग**

अमेरिकन हर्ट एशोसिएसन (२०१३) ले योग अभ्यासले मेटाबोलिक सिन्ड्रोम घटाउने, हार्ट रेट भेरिएबिलिटी सुधार गर्ने र समग्र मुटुको स्वास्थ्यमा सुधार ल्याउने देखाएको छ ।

यी सबै प्रमाणहरूले देखाउँछन्, योग केवल विश्वासको कुरा होइन, प्रमाणमा आधारित अभ्यास हो, जुन हाम्रो रोगसँग लड्ने क्षमतालाई सशक्त बनाउँछ ।

**नेपालजस्ता देशका लागि योग किन उपयुक्त छ ?**

नेपालमा स्वास्थ्य सेवा अझै सबैको पहुँचमा पुगिसकेको छैन। महँगा औषधिहरू र दीर्घकालीन उपचारले आर्थिक बोझ थपिरहेका छन्। यस्तो अवस्थामा योग जस्ता उपायले ठूलो प्रभाव पार्न सक्छ । यसको लागि कुनै उपकरण चाहिँदैन, घरमै अभ्यास गर्न सकिन्छ, सबै उमेरका मानिसहरूका लागि उपयुक्त हुन्छ, र रोग-पूर्वको अवस्थामा नै सुधार ल्याउन सक्छ ।

योग सस्तो, सर्वसुलभ र आत्मनिर्भर अभ्यास हो, जसले शारीरिक, मानसिक, सामाजिक र आध्यात्मिक सबै पक्षमा असर पार्छ ।

**आजै किन सुरु गर्ने ?**

अहिले सुरु नगरेसम्म ‘समय छैन’ भन्ने बहाना सधैं रहिरहन्छ । तर दैनिक १५-३० मिनेटको ध्यान, प्राणायाम, र केही सरल आसनले जीवनभरका समस्यामा सुधार ल्याउन सक्छ ।

**योगलेः**

- तनाव घटाउँछ
- रक्तचाप र ब्लड सुगर नियन्त्रणमा मद्दत गर्छ
- आत्मविश्वास बढाउँछ
- निद्रा सुधार गर्छ
- रोगसँग लड्ने शक्ति दिन्छ

हिजो गुमेको समय फर्किंदैन, तर आजको निर्णयले भविष्य परिवर्तन गर्न सक्छ ।

**निष्कर्ष**

योग नेपाली जीवनशैलीको ऐतिहासिक सम्पदा हो । यो केवल एक दिनको उत्सव होइन, दैनिक अभ्यासको विषय हो। हाम्रो हिमाली शान्ति, परम्परागत ज्ञान, र भित्री शुद्धताको पराकाष्ठा हो योग। अब हामीले यो अभ्यासलाई आत्मसात गर्दै नासर्ने रोगहरूको प्रभाव घटाउनु आवश्यक छ ।

योग नै हाम्रो आफ्नै समाधान हो – वैज्ञानिक, सुलभ र स्वदेशी ।

(डा गुरागाईं बिराट मेडिकल कलेज सामुदायिक चिकित्सा विभागमा कार्यरत छ ।)

# बागलुङमा पनि निषेधाज्ञा जारी

पोखरापत्र संवाददाता

बागलुङ, २५ भाद्र

जिल्ला प्रशासन कार्यालय बागलुङले मंगलबार बिहान ९ बजेदेखि अनिश्चितकालीन निषेधाज्ञा आदेश जारी गरेको छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र (ख) बमोजिम प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले अर्को आदेश नआउञ्जेलसम्मका लागि निषेधाज्ञा आदेश जारी गर्नु भएको हो ।

बागलुङ नगरपालिका-१, २, ३ र ४ भित्रका सबै क्षेत्रह, गलकोट नगरपालिका- ३, ५ र ६, जैमिनी नगरपालिका-१ र ढोरपाटन नगरपालिका-१, २ र ३ मा कर्फ्यू आदेश जारी गरिएको प्रजिअ गुरुङले जानकारी दिनुभयो । निषेधाज्ञा जारी गरिएको क्षेत्रमा पाँच जनाभन्दा बढी व्यक्ति भेला जम्मा भई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा जस्ता कार्यकम गर्न निषेध गरिएको छ ।

उक्त अवधिमा यस आदेशको अवज्ञा गर्ने वा आदेशको पालना गर्ने/गराउने कार्यमा अवरोध गर्ने जो सुकै उपर प्रचलित कानुन बमोजिम कारवाही हुने विज्ञप्तिमा जनाइएको छ ।

# चार महिनामा साढे पाँच हजारभन्दा बढी विदेशी पर्यटक हुम्ला आए

रासस

हुम्ला, २५ भाद्र

हुम्ला हुँदै हिन्दूहरुको पवित्र तीर्थस्थल मानसरोवर र कैलाश दर्शन गर्न जाने विदेशी तीर्थयात्री बढेका छन् ।

नेपाल र चीनबीचमा पर्ने हुम्लाको हिल्सा नाका गत वैशाख १८ गते सञ्चालनमा आएपछि विदेशी पर्यटकको चाप बढेको हो ।

जेठदेखि भदौसम्म नेपालगञ्ज भएर हुम्ला हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय र अन्य देशका पाँच हजार ८४२ जना पुगेका छन् । जसमा भारतीय तीर्थयात्री पाँच हजार ५१७ र अन्य देशका ३२५ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शंकर पोखरेलले बताउनुभयो ।

उहाँका अनुसार नाका सञ्चालनमा आएपछि मानसरोवर कैलाश दर्शन गर्न आउने विदेशी पर्यटकको संख्या अझै बढ्ने अपेक्षा गरिएको छ । मानसरोवर कैलाश दर्शनका लागि हुम्लाको बाटो छोटो पर्ने भएकाले पछिल्लो समय सिमबोट विमानस्थलमा भारतीय यात्रुको चाप देखिन थालेको छ । चीनले हिल्सा नाकालाई हुम्लाबासीसहित भारतीय पर्यटकहरुका लागि खुला गरेपछि धार्मिक पर्यटकहरुको संख्या बृद्धि भएको सिमकोट विमानस्थलमा कार्यरत दीपेन्द्र भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, “मानसरोवर कैलाशको दर्शन गर्नका लागि हुम्लामा कोरोना संक्रमणपछिको यो ठूलो संख्या हो, भारतीय पर्यटक आउने क्रम निकै बढी छ ।” उहाँका अनुसार मौसम अनुकुल भएको अवस्थामा दैनिक पाँचदेखि दश वटासम्म नेपालगञ्जबाट यहाँ उडान हुने गरेको छ । जसमा सीता, समिट र तारा एयरले उडान भर्दै आएका छन् । सिमकोट विमानस्थलबाट हिल्साका लागि बिभिन्न हेलिकप्टरले पर्यटकलाई सेवा दिइरहेका छन् ।

गत जेठमा मानसरोवर कैलाशको दर्शनका लागि पर्यटक आउन सुरु गरेका थिए । कतिपय पर्यटकहरु गाडीमार्फत हिल्सा हुँदै मानसरोवर पुग्ने गरेको हुम्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामबहादुर भण्डारीले बताउनुभयो । उहाँका अनुसार चार महिना यता सदरमुकाम सिमकोटसहित हिल्साका होटल पर्यटकले भरिभराउ छन् ।

जिल्लाको सिमकोट र नाम्खा गाउँपालिकाले हुम्ला पुगेका विदेशी पर्यटकबाट शुल्क उठाउँदै आएको छ । जसमा भारतीय पर्यटकलाई प्रतिव्यक्ति रु ११ सय र अन्य देशका पर्यटकको हकमा प्रतिव्यक्ति रु १५ सय तोकिएको छ ।

# राष्ट्रहितका खातिर क्रियाशील रहन अनुरोध

रासस

काठमाडौं, २५ भाद्र

नेपाल प्रहरीले विधिको शासन स्थापित गर्न सम्पूर्ण नेपालीको साथ र सहयोग अपरिहार्य भएको जनाउँदै राष्ट्रहितका खातिर क्रियाशील रहन अनुरोध गरेको छ ।

मङ्गलबार राति प्रहरी प्रधान कार्यालयले प्रेस विज्ञप्तिमार्फत सोमबार जेन-जीको आह्वानमा आयोजित शान्तिपूर्ण विरोधप्रदर्शनका क्रममा भएका दुःखद् घटनाबाट प्रहरी सङ्गठन मर्माहत भएको बताएको छ ।

“यस घडीमा प्रहरी र आम नेपाली दाजुभाइ, दिदी बहिनी नेपालको राष्ट्रिय सुरक्षा, राष्ट्रहित र अपराध न्यूनीकरणका लागि जम्मेवारी बोधका साथ मुलुकप्रति समर्पित हुन आवश्यक भएको छ ।” प्रहरी महानिरीक्षकको सचिवालयबाट जारी विज्ञप्तिमा प्रदर्शनका क्रममा भएको जनधनको क्षति अपूणीय एवं दुःखद भएको, त्यसबाट उत्पन्न परिणामस्वरुप परिस्थितिलाई बिग्रन नदिन, नागरिक र प्रहरीका साझेदारीपूर्ण, शान्तिपूर्ण, सहकार्यका माध्यमले आन्दोलनका क्रममा भएका घाइतेहरुको उद्धार, उपचार, क्षतिको पुनर्निर्माण एवं कुनै पनि अपराधिक समूहबाट हुने क्षतिलाई रोकी शान्ति पुनःस्थापनार्थ निर्वाह गर्नुपर्ने दायित्वमा एकाकार भई प्रहरीलाई सार्वजनिक शान्ति अमन चयन, अपराध नियन्त्रण र अनुसन्धान गरी कानुन कार्यान्वयनका माध्यमले कानूनी शासन स्थापित गर्ने कार्यमा सबैको साथ सहयोगका निम्ति अनुरोध गरिएको छ ।

# बागलुङका पार्टी कार्यालयमा तोडफोड

रासस

बागलुङ, २५ भाद्र

बागलुङमा जेनजी आन्दोलनले उग्ररुप लिएको छ । प्रदर्शनकारीहरुले यहाँस्थित राजनैतिक दलका पार्टी कार्यालयहरू तोडफोड गरी क्षति पुऱ्याएका छन् ।

उनीहरुले मङ्गलबार साँझ बागलुङस्थित नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)को पार्टी कार्यालय तोडफोड गरेका हुन् ।

एमालेको पार्टी कार्यालयबाट कागजपत्र र फर्निचरका सामग्री निकालेर सडकमा ल्याएर जलाएका उनीहरुले त्यसपछि माओवादी केन्द्र बागलुङको पार्टी कार्यालय तोडफोड गरेर कागाजातपत्र जलाइएको छ ।

त्यसलगत्तै नेपाली कांग्रेस बागलुङको पार्टी कार्यालयबाट कागजपत्र र फर्निचर सडकमा ल्याएर जलाइएका थिए ।

# मनाइएन बिपी जयन्ती

पोखरापत्र संवाददाता

पोखरा, २५ भाद्र

जेनजीको प्रदर्शनका कारण नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको ११२औँ जन्मजयन्तीका अवसरमा कुनै कार्यक्रम हुन सकेन ।

बिपी सङ्ग्रहालय सुन्दरीजलमा प्रत्येक वर्ष कार्यक्रम गर्ने गरिए पनि मंगलबार बिहानदेखि प्रदर्शन उग्र भएपछि कुनै पनि कार्यक्रम आयोजना भएन । सोमबार भएको घटनामा दर्जनौ युवा, विद्यार्थीले जीवन गुमाएको भन्दै सबै कार्यक्रम स्थगित गरिएको सामाजिक सञ्जालमार्फत् घोषणा गरिएको थियो ।

चक्रपथभित्र सरकारले औपचारिक रुपमा कर्फ्यू जारी गरेकाले तय गरिएका अन्य कार्यक्रम पनि हुन सकेन ।

सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्धका कारण सोमबारदेखि एकाएक विकास भएको राजनीतिक घटनाक्रमले बिपी कोइरालाको जन्मजयन्तीका अवसरमा आयोजना गर्न लागिएका सबै कार्यक्रम हाललाई स्थगित गरिएको नेपाली कांग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

बिपी जयन्तीका अवसरमा प्रत्येक वर्ष भदौ २४ गते कांग्रेस र यसका भ्रातृ एवं शुभेच्छुक संस्थाले विभिन्न कार्यक्रम आयोजना गर्दै आएका थिए ।

# एक्लिँदै वृद्धाहरू

काशिराम गैरे

मानिसको जन्मकाल केही महिनादेखि बाका आमा अथवा माँ, आम्मा आदिबाट बोलीको सुरु हुँदै, केही अप्ठेरो पऱ्यो, आत्तियो भने आमा पुकार्ने गर्छ। आजको समयमा बा आमाको सम्मानको स्थानमा तिरस्कृत भएको छ। आफूभन्दा ठूला (बुज्रुक वर्ग) लाई आदर सम्मान र सानालाई माया प्रेम गर्ने सामाजिक संस्कार हराउँदै गएको छ। समाजमा वृद्धाहरू अपहेलित, तिरस्कृत मात्रै हैन, त्रसित पनि छन्। बच्चाहरू हाम्रो संस्कृतिबाट बिस्तारै टाढा हुँदै छन्। स्वदेशी भाषा, मातृ भाषा छाडेर बालाई डेडी र पापा आमालाई मम्मी भनेको सुनिन्छ। विदेशी भाषाबाट प्रभावित भाषाको संस्कृतिको प्रभावले पारेको बेथितीको चलन प्रचालित भएको देखिन्छ। जसबाट समाजमा, बुढा बाआमालाई सम्मानको त के कुरा, खान लाउन नदिएर पर आश्रित जीवन बिताउन परिरहेको छ।

जीवनका हरेक क्षणमा चाहे दुःख होस् चाहे सुख पाइलापाइलामा बाआमको आर्शीवाद सधैं रहन्छ। जबसम्म सक्षम भई आफ्नो खुट्टामा उभिने हुँदैन, बाआमालाई तबसम्म छोराछोरीलाई बच्चा अल्लारे केही नजान्ने ठानी रहेका हुन्छन्। बिडम्वना के भने जब छोरो आफ्नो खुट्टामा उभिएर ऊ केही आर्थिक उपार्जन गर्न थाल्छ अनि बाआमालाई अर्घेलो देख्न थाल्छ। बिस्तारै आफ्नो अर्धाङ्गिनीको सल्लाहमा डुबुल्किन थाल्छ अनि ऊ मतिहीनको बाटो लिन्छ। आफ्ना बाआमालाई दुःख दिने तिरस्कार गर्ने, खान पर्गेल्ने, मिठो चोखो नदिने गर्न थाल्छ र परिणाम स्वरूप घरबाट निकालेर वृद्धाआश्रममा पुऱ्याउँछ। वृद्धाश्रममा नपुऱ्याए तापनि वृद्धाश्रम जान बुढाबुढीहरू (बा, आमा) लाई बाध्य गराउँछन्। एउटा सानो उदाहरण छ : एउटा गाउँको सत्य घटना हो। छोरो अमेरिकामा बुहारीसमेत लिएर बसेको थियो। उसकी आमा एक्लै यहाँ गाउँमा बिचस्थन्। उनको सहारा भन्ने छोरा बुहारीबाहेक कोही थिएनन्। छोरा विदेशबाट पैसा लिएर आएपछि सुख, दुःख स्याँस्याँ गरी सुस्केरामा बाँचिरहेको यो मनले शान्ति पाउँछ। छोरो सँगसँगै बस्ने ठूलो धोको पूरा हुने सपनामा आमा बाचिरहेकी थिइन्। छोरो ४ वर्ष पछि अमेरीकाबाट आयो। आमाले गरेको कारोवारको बारेमा समाधान गर्नेदेखि गाउँको वातावरण बताइन्। आफू एक्लै बस्न नसक्ने, रोगी भएको कारण बताउदै यही बस छोरा विदेश नजाऊ, यदि जान्छौ भने मलाई पनि तिमीसँगै लैजाऊ भनेपछि छोराले भन्यो, "ल आमा यस पटक तपाईँलाई पनि सँगै अमेरिका लैजान्छु, चिन्ता नगर्नुस्" । आमा फुरुङ्ग परिन्, धेरै दिनको न्यास्रो पछि सँगै बस्न पाउने वृद्ध आमाको खुसीको सीमा रहेन। छोरा बुहारीसँग विदेश जाने भएपछि त्यहीअनुसार तयारी भयो। आमा, छोरा, बुहारी एउटा सानो बच्चासमेत काठमाडौँतिर लागे। भोलिपल्ट साँझको हवाइजहाज विमान स्थलबाट उडने टिकट थियो। छोराको भनाइअनुसार सबैजना जहाजबाट काठमाडौँ लागे। विमान स्थलको भित्र जाने बेलामा छोराले भन्यो, " आमा तपाईँलाई लिन म आउँछु यही बस्नुस् है' भनेर छोरा बुहारी विमान स्थलतिर लागे। साँझको बेला थियो। अध्याँरो भयो। आमालाई लिन आएन, जहाज उड्यो छोरा लिन आउँछ र अमेरिका जाने भनेर बसेकी आमा राति पुलिसले सोधपुछ गरेपछि प्रहरी मार्फत्। त्यस रात धर्मशालामा बिचसन्। भोलिपल्ट प्रहरीबाट गाउँका बारेमा बुझेपछि आमालाई गाउँमा पुऱ्याइयो। गाउँमा फर्केर थाहा पाइन्, छोराको नामको खेतवारी घर पनि अरुलाई बेचिसकेको रहेछ छोराले त। अनि आमा नाता पाताकहाँ आश्रित हुँदै दिन गुजार्न थालिन्। अहिले समाजमा हुने गरेको वृद्धहरूको विचलित अवस्था व्यापक छ।

काठमाडौँको एउटा टोलमा भएको घटना हो। एउटा घरमा आमा, छोरा, बुहारी र एउटा सानो १५/१६ महिनाको नानी थिए। बुढी आमा छोरा बुहारीको घर छोराको सानो आफ्नै घरमा व्यापार थियो। गुजारा चलिरहेको थियो। बुवा परलोक भएको धेरै वर्षपछि छोराको विवाह भएको। विवाह भएको २ वर्ष जति राम्रै भयो। एक वर्ष पछि छोरा बुहारीले आमालाई फकाएर आमाको नाउँमा सम्पत्तिको नामको एक कट्ठा थियो। त्यही बुहारीको नाममा साऱ्यो। नामसारी भएको ६ महिना मै आमालाई पशुपतिको वृद्धा आश्रम पुऱ्याउँदा आमाको गहभरी आशुका थोपाहरू झरिरहेका थिए। छोरा जन्मेर हुर्काउँदाका यादले भकानिएकी थिइन्। पढाउने लेखाउने आत्मभरिका पीडाले मौनताका साथ एकोहोरो छोरालाई हेररहिन छोरो बिस्तारै ओझेल पऱ्यो। यो एउटा सत्य घटना हो।

पीडा भित्र बाँचेका बा, आमाहरू बच्चा जन्मँदा जानकारीदेखि बच्चाको भविष्यको चिन्तामा डुबेका हुन्छन्। ठूलो भएपछि साहसी बन्ला, समाजको देशको सेवा गर्ने, टोल आफ्नो परिवारको राम्रो व्यवस्था गर्ला भन्ने आशामा तुसारो पलायो। सपना सबै खरानी भयो तर विडम्बना त्यही छोरो भन्दै सानै छँदा डोऱ्याउँदै हिँड्न, बोल्न बस्न एवम् कपडा लगाउनदेखि लिएर सबैकिसिमका आयामहरू बाआमाबाट पूर्ण सिकेका हुन्छन्। सबै किसिमको शिक्षादीक्षा बोल्न, हिँड्न, बस्न, उठ्न आदिको सिकाइदेखिका सबै बुहार्तन आमा र बाको भोगाइमा हुन्छ। तिनै आमाबालाई ठूलो भएपछि एक छाक नदिएर अनाथ आश्रममा बाआमालाई अनाथ बनाएर राख्छन्। आजका छोराहरूको यो क्रम एउटा गाउँ वा समाजमा मात्र हैन। आजको सबै समाजमा विद्यमान छ। छोराबुहारी विदेशमा पैसा कमाउन मेहेनत गरी सुखम् दुःखम् कमाउँछन्। पैसा कमाएपछि गाउँ समाज भाइ बन्धु आमाबा सबै बिर्सेर आफैं नै स्वार्थमा चुलुर्म्म हुन्छन्। यो अवस्थामा घरका बाआमा छोरो कमाएर आउला अनि हामीलाई सुखसँग राख्ला र जीवनको उत्तरार्धमा राम्रै सुख पाउने मृगतृष्णामा चुर्लुम्म डुबेका हुन्छन् तर त्यसको विपरीत नारकीय जीवनको कष्ट भोग्नु परिरहेको हुन्छ। यो आजको समाजको विद्यमान चलन भएको छ। यस्तो किन भयो ? यस्तो हुनको सामाजिक, आर्थिक, राजनितीक परिवेश बनाउने शिक्षा नीति र शिक्षाको प्रभाव पनि हो। शिक्षा र शिक्षाको मार्ग दर्शन राम्रो हुन्छ भने सामाजिक विकृति आउन दिँदैन। कहीँ कतै अपवादको रूपमा हुने कुरा अलग हो। आजको शिक्षामा के बुढापाकालाई सम्मान गर्नुपर्छ ? विद्वान् र बुज्रुकहरूको आदर गर्नाले आफ्नो पनि सम्मान हुन्छ। अरुको उपकार गर्नाले आफ्नो उपकार हुन्छ भन्ने जस्ता कुरा अथवा नैतिक शिक्षा अध्ययन गराइएको छ ? यस्तो शिक्षा अध्ययनमा नैतिक शिक्षालाई गहनतापूर्वक अध्यापन गराउने र पालना गर्ने गराउने माध्यमहरूका अभावमा यस्तो उच्छृङ्खलता हुन गएको देखिन्छ। साच्चै समाजलाई उन्नति र नैतिकवान् बनाएर विकास गरेको भए यहाँ यस्तो हुने थिएन। यहाँ आर्थिक अभाव, शिक्षाको फितलोपन, सिर्जनशीलताको कमी बढ्दो विदेशी संस्कृतिको अनुकरण भएकै कारण यस्ता विकृतिहरू हुने गरेका हुन्। अर्को कुरा पाश्चात्य संस्कृतिको प्रभाव पनि परेको छ। त्यो के भने म मात्र सही छु, म र मेरो मात्र स्वार्थ पूर्ति गर्नुपर्छ, अरुको मतलब छैन भन्ने एकलकाँटे सोच र व्यवहारको प्रभाव पर्नाले यस्तो भएको हुनुपर्छ।

विदेशी संस्कृतिबाट भएका प्रभावहरूबाट बच्चाहरूमा के प्रभाव परेको छ भन्ने बाआमाले भनेको मान्नु हुन्न, हामी बढी जानेका छौँ, उनीहरूमा ज्ञान छैन भन्ने र आफ्ना साथीहरूको कुरा सुन्ने प्रवृत्तिले गर्दा पनि आफ्नो संस्कृतिको दोष र विदेशी संस्कृतिको छाप परेबाट परिवार विखण्डन भएको छ। प्रदूषित वातावरण, मिसावटयुक्त खाना, अप्राकृतिक वस्तुहरूको सेवन, तरकारीमा विष, चामल मिलावट, दुधमा मिसावट, दालमा चिनीमा मिसावट आदिले गर्दा स्वच्छ विचारको कमी आउने गरेको तथ्याङ्कहरूबाट पनि पुष्टि भइसकेको छ।तसर्थ अबको बालबालिकाको उज्ज्वल भविष्यको लागि शिक्षामा अत्यन्त प्रभावकारी कदम चालिएन भने भोलिको समाज विकराल बन्नेछ। यसको निराकरण गर्न सामाजिक र बौद्धिक जगको काँधमा जिम्मेवारी आएको छ। त्यसैले यस समयमा समाजको कल्याण हुने काम गरिएन भने वृद्धको रोधन, पीडा घट्ने छैन। यहाँ सामाजिक विकृतिले जरा गाडी सकेको छ। यो झाङ्गिएर सामाजिक स्थिति विकराल हुने छ। *गण्डक आलोक*



लेकसाइडमा पर्यटकः
पोखराको लेकसाइडमा साइकल चलाएर गन्तव्यतर्फ जाँदै विदेशी पर्यटक। तस्बिरः रासस

# तनहुँमा सुन्तला बगैँचा स्थापना तथा सुदृढीकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ भाद्र

जिल्लामा सात हजार ९२५ रोपनी क्षेत्रफलमा लगाइएको सुन्तला जात फलफूलका नयाँ बगैँचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम सुरु गरिएको छ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रले आव २०८१/८२ मा सुन्तला जातका फलफूल बगैँचा स्थापना तथा विस्तारअन्तर्गत उक्त कार्यक्रम गरेको हो।

कार्यक्रमबाट कृषक परिवार र रोजगारीमा आबद्ध गरी छ सय बढी स्थानीय प्रत्यक्ष लाभान्वित भएका कृषि प्रसार अधिकृत दिनकरमणि आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार ४३ रोपनी क्षेत्रफलमा सुन्तला जात फलफूलको नयाँ बगैँचा स्थापना गरिएको छ। यसबाट २७ कृषकका परिवार लाभान्वित भएका छन् भने छ जनाले रोजगारी पाएका छन्। बगैँचा व्यवस्थापन तथा सुदृढीकरणका लागि नौ लाख ७५ हजार ५९० किलो गोठेमल, ५० हजार ८७८ किलो पिना, दुई हजार ३०९ किलो चुना, एक हजार ५४५ किलो निलो तुथो, ४० किलो रेडिमेट बोर्डो मिश्रण र दुई रोल मल्चिङ प्लाष्टिक करिब २० रोपनी क्षेत्रफलमा रहेका 'ग्रिनिङ रोग'का बिरुवा हटाई पुनः रोपण कार्यक्रम सञ्चालन भएको कृषि प्रसार अधिकृत आचार्यले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "तीन सय रोपनी कलमी बिरुवा रोपण कार्य सम्पन्न भइसकेको छ।"

सुन्तला जात फलफूलका नयाँ बगैँचा व्यवस्थापन तथा विस्तार कार्यक्रमका लागि रु ९९ लाख बजेट विनियोजन भएको सो कार्यालयले जनाएको छ। आव २०८०/८१ मा एक हजार ६५७ हेक्टर क्षेत्रफलमा सुन्तला बाली उत्पादन हुँदै आएकामा आव २०८१/८२ मा वृद्धि भई एक हजार ६७० हेक्टर क्षेत्रफल पुगेको छ। जिल्लामा विभिन्न कार्यक्रममार्फत दुई सय ६१ रोपनी क्षेत्रफलमा विस्तार गरी पाँच हजार ५२२ बिरुवा लगाइएको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष रु ४२ करोड ५० लाख मूल्यको सुन्तला बिक्री भएको थियो।

# राष्ट्रिय एकता र सामाजिक सद्भावलाई कायम राखौँः नेपाली सेना

**रासस**
पोखरा, २५ भाद्र

नेपाली सेनाले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई कायम राख्दै देशको जनजीवन सामान्य बनाउने आ-आफ्नो दायित्वलाई हरेक नागरिकले निरन्तरता दिने विश्वास व्यक्त गरेको छ।

नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले बुधबार एक विज्ञप्ति जारी गरी जस्तोसुकै परिस्थितिमा पनि सबै नेपालीको सुरक्षा र मानवीय उद्धारमा प्रतिबद्ध रही परिस्थितिजन्य जिम्मेवारी बहनमा सक्रिय सुरक्षाकर्मीलाई सहयोग पुऱ्याउन पुनः अनुरोध गरेको छ।

देशको समग्र शान्ति सुरक्षा अवस्थालाई मध्यनजर राखी हाल लागु गरिएको निषेधाज्ञा बुधबार ५:०० बजेसम्म देशभर निरन्तर रहने जनाएको छ। साथै निषेधाज्ञा भोलि भदौ २६ गते बिहान ६:०० बजेसम्म जारी रहने बताएको छ।

आन्दोलनको नाममा अझै पनि अराजक व्यक्ति र समूहहरुले घुसपैठ गरी व्यक्तिगत र सार्वजनिक सम्पत्ति तोडफोड तथा आगजनी, लुटपाट एवं व्यक्ति लक्षित हिंस्रक आक्रमण, बलात्कारका प्रयास गरिरहेका तथा गर्नसक्ने भएकाले निषेधाज्ञालाई निरन्तरता दिइएको हो। निषेधाज्ञाका बेला अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, शव वाहन, दमकल, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीका सवारीसाधन) सञ्चालन हुन सक्नेछन्। आवश्यक सहजताको लागि नजिकका सुरक्षाकर्मीसँग समन्वय गर्न सेनाले अनुरोध गरेको छ।

आन्दोलनपछिको परिस्थितिलाई सम्बोधन गरी समस्या समाधानको निमित्त सम्बद्ध पक्षबीच समन्वय भइरहेको हुँदा आन्दोलनको नाममा हुने कुनै पनि प्रदर्शन, तोडफोड, लुटपाट, आगजनी, व्यक्ति तथा सम्पत्ति लक्षित आक्रमणहरुलाई दण्डनीय अपराधका रुपमा लिई सुरक्षाकर्मीबाट कडा कारबाही हुने चेतावनी सेनाले दिएको छ।

साथै अवकाश प्राप्त सैनिकलगायत सुरक्षाकर्मी, सबै सेवाका राष्ट्रसेवक, सञ्चारकर्मी तथा आमनागरिकमा अफवाहको पछाडि नलागी आधिकारिक सूचना मात्र सम्प्रेषण गर्न तथा आधिकारिकतामा मात्र विश्वास गर्न अनुरोध गरिएको छ।

# कर्फ्यु आदेश क्रमशः खुकुलो गर्दै सेना

**रासस**
काठमाडौं, २५ भाद्र

नेपाली सेनाले निषेधाज्ञा तथा कर्फ्यु आदेशलाई क्रमबद्ध खुकुलो बनाउँदै निरन्तरता दिनुपर्ने आवश्यकता औँल्याएको छ। पछिल्लो सुरक्षा परिस्थितिको विश्लेषणका आधारमा नागरिकको जनधनको सुरक्षाका लागि काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लामा जारी भएको निषेधाज्ञा तथा कर्फ्यु खुकुलो तुल्याइने जनाएको छ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार निषेधाज्ञा भदौ २६ गतेको बिहान १० देखि बेलुकी ५ बजेसम्म लागू हुनेछ। कर्फ्यु भने भदौ २६ गते बेलुकी ७ बजेदेखि भदौ २७ गते बिहान ६ बजेसम्मका लागि जारी गरिएको छ।

निर्देशनालयका अनुसार नागरिकलाई अत्यावश्यक कार्यको लागि भदौ २६ गते बिहान ६ बजेदेखि १० बजेसम्म र सोही दिन बेलुकी ५ देखि ७ बजेसम्म आवतजावत गर्न सकिने गरी समय निर्धारण गरिएको छ। निषेधाज्ञा तथा कर्फ्युको समय अत्यावश्यक सेवाका एम्बुलेन्स, शव वाहन, दमकल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीका साथै, खाद्यान्न, इन्धन, दूध, तरकारी, पानी र औषधि ओसार पसार गर्ने सवारीसाधनहरू सञ्चालन गर्न सकिने सेनाले जानकारी दिएको छ।

उक्त समयमा सरकारी कार्यालय, बैंङ्क तथा वित्तीय संस्थालगायत सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीले आफ्नो परिचयपत्र देखाई कार्यालयसम्म आवतजावत गर्न सक्नु हुनेछ। यस्तै, आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानका यात्रुहरूले आफ्नो उडानको टिकट देखाई विमानस्थलसम्म आवतजावत गर्न सक्नु हुने सेनाले स्पष्ट गरेको छ। सेनाले आवश्यक सहायताको लागि नजिकमा रहेका सुरक्षाकर्मीहरूसँग समन्वय गर्नुहुन सम्बद्ध सबैमा अनुरोध समेत गरेको छ। काठमाडौँ उपत्यका बाहिरको हकमा सम्बन्धित जिल्लाको सुरक्षा परिस्थिति अनुरूप जिल्ला सुरक्षा समितिहरूबाट निर्णय तथा समन्वय गरिए मोजिम हुने जानकारी दिइएको छ। जस्तोसुकै परिस्थितिमा पनि आमनेपालीको सुरक्षा र मानवीय उद्धारमा प्रतिबद्ध रही जिम्मेवारी निर्वाहमा सक्रिय सुरक्षाकर्मीहरूलाई सहयोग पुऱ्याउन सबैमा सेनाले अपिल गरेको छ।

# म्याग्दीका पार्टी कार्यालयहरु तोडफोड

**रासस**
बागलुङ, २५ भाद्र

म्याग्दीमा रहेका राजनीतिक दलका कार्यालयहरुमा मङ्गलबार तोडफोड तथा आगजनी भएको छ।

जेनजी प्रदर्शनका क्रममा बेनीमा रहेका नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), विप्लप नेतृत्वको नेकपा, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालयमा तोडफोड तथा आगजनी गरेका हुन्। आन्दोलनकारीहरुले राजनीतिक दलका शीर्ष नेताहरुविरुद्ध पनि नाराबाजी गर्दै बजार परिक्रमा गरेका थिए। यहाँस्थित सरकारी कार्यालयमा भने आक्रमण भएको छैन। मङ्गलबार दिउँसो ४ बजेदेखि सुरु भएको आन्दोलन साँझ ७ बजेतिर तितरवितर भएको थियो। प्रहरीले साँझ माइकिङ गरेर घरभित्र सुरक्षित रहन बजारबासीलाई अपिल गरेका थियो।

# म्याग्दीको गुर्जा र लमसुङमा रहेको ढोरपाटन सिकार आरक्षको रेञ्जपोष्टमा आगजनी

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ भाद्र

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जा र लमसुङमा रहेको ढोरपाटन सिकार आरक्षको रेञ्जपोष्टमा स्थानीयवासीले बुधबार तोडफोड र आगजनी गरेका छन्। ढोरपाटन सिकार आरक्षमा समेटिएका गुर्जा र लमसुङका बासिन्दा त्यहाँ रेञ्जपोष्ट राख्न नहुने पक्षमा रहँदै आएका थिए। गुर्जाको चारकोठे एकतले कच्ची र लमसुङको एकतले पक्की भवन आगलागीबाट नष्ट भएको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले पुष्टि गर्नुभयो। स्थानीयवासीलाई घाँस, दाउरा, काठ, जडीबुटी, च्याउ, टुसा सङ्कलन गर्न आरक्षको झञ्झटिलो प्रक्रियाका कारण दुःख भएको स्थानीयवासीको भनाइ छ।

# त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा यात्रुहरूको भीड

**रासस**
काठमाडौं, २५ भाद्र

आन्दोलनका कारण मङ्गलबार दिउँसोदेखि बन्द भएको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बुधबार साँझदेखि सञ्चालन भएपछि अहिले यात्रुहरूको भीड लागेको छ।

विमानस्थल सुरक्षा समितिको बैठकले बन्द गरिएको विमानस्थल बुधबार साँझदेखि पुनः सञ्चालन गर्ने निर्णय गरेपछि अहिले विदेश जाने यात्रुहरूको भीड बढेको विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आन्दोलनका कारण मङ्गलबार दिउँसो ३:३० बजेदेखि विमानस्थल बन्द गरिएको थियो। आजदेखि पुनः सञ्चालन गरिएपछि अहिले यात्रुहरूको भीड बढेको हो।" विमानस्थल सञ्चालनमा आएपछि काठमाडौँ विमानस्थल प्रशासनले यात्रुहरूलाई आफ्ना टिकट किनेका एजेन्सी वा सम्बन्धित वायुसेवासँग सम्पर्क गरेर मात्रै विमानस्थलमा आउन आग्रह समेत गरेको छ।